प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- १९८३

मिति:२०७६/१२/२१

**विषय : निर्णय पठाईएको सम्वन्धमा ।**

श्री प्रदेश मन्त्रालयहरु सबै प्रदेश नं.-५ ।
श्री नेपाली सेना, मध्यपश्चिम पृतना प्रदेश नं.-५ ।
श्री ५ नं. प्रदेश प्रहरी कार्यालय, प्रदेश नं.-५ ।
श्री सशस्त्र प्रहरी बल, न.५ बाहिनी, चन्द्रौटा ।
श्री राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश न. ५ प्रदेश कार्यालय, बुटवल ।
श्री जिल्ला प्रशासन कार्यालयहरु सबै प्रदेश न.-५ ।
श्री उपमहानगरपालिका/ नगरपालिका/ गाँउपालिका सबै प्रदेश नं.-५ ।
श्री जिल्ला प्रहरी कार्यालय, सबै प्रदेश नं.-५ ।

प्रस्तुत विषयमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६/१२/२१ गते कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका विषयमा बसेको बैठकको निर्णय प्रतिलिपी आवस्यक कार्यान्वियनको लागि यसै पत्र साथ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

**सादर अवगतार्थ:**
माननीय मुख्यमन्त्रीज्यू, प्रदेश न. ५ ।

२०७६/१२/२१

.....................
प्रेम गौतम
अधिकृत सातौ

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

आज मिती २०७६ साल चैत्र २१ गते माननीय मुख्यमन्त्री शंकर पोखरेलज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा प्रदेशस्तरिय COVID-19 Crisis Management center operation (CCMC-OPS) को बैठक बसी देहायबमोजिम निर्णय गरियो।

तपसिल

- माननीय शंकर पोखरेल, मुख्यमन्त्री प्रदेश नं. ५
- माननीय कुल प्रसाद के.सी. मन्त्री आन्तरिक मामिला तथा कानुन
- माननीय सुदर्शन बराल मन्त्री सामाजिक विकास
- श्री तोयनारायण ज्ञवाली प्रमुख सचिव प्रदेश नं. ५
- श्री उपरथी सिताराम खड्का पृतनापती मध्यपश्चिम पृतना
- श्री शिवराज सुवेदी नगर प्रमुख बुटवल उ.प.म.न.पा.
- श्री नरबहादुर केसी – प्र.व.उ. प्रदेश प्रहरी कार्यालय प्रदेश नं. ५
- श्री नारायण दत्त पौडेल सशस्त्र प्रहरी बल ५ नं. वाहिनी चन्द्रौटा
- श्री निर्देशक हरिहर पौडेल राष्ट्रिय अनुसन्धान विभाग ५ नं. प्रदेश

आमन्त्रीत

- श्री भरतमणी सुवेदी सचिव मु.मं. तथा मं.प. कार्यालय
- श्री राजेन्द्र थापा " "
- श्री मधु मरासिनी " आर्थिक मामिला तथा ~~कानुन~~ योजना मन्त्रालय
- श्री शंकर प्रसाद खरेल " आन्तरिक मामिला तथा कानुन "
- श्री गोपिकृष्ण खनाल " सामाजिक विकास मन्त्रालय
- डा. विनोद कुमार गिरी निर्देशक स्वास्थ्य निर्देशनालय
- श्री सरोज कुमार रेग्मी प्रमुख स्वकिय सचिव
- श्री यमकान्त पाण्डेय उपसचिव मु.मं. तथा मं.प. कार्यालय
- श्री मोहन कुमार आचार्य [illegible] प्रहरी कार्यालय
- श्री तिरथ गौतम स्वकिय सचिव मुख्यमन्त्री
- शेर बहादुर खत्री प्रेस सल्लाहकार मुख्यमन्त्री
- श्री कृष्ण नं. के.सी. निजी सचिव मुख्यमन्त्री
- श्री प्रेम गौतम ना.अ. मु.मं. तथा मं.प. कार्यालय

निर्णयहरु :

१. प्रदेशमा कोभिड-१९ संक्रमण सम्वन्धी कार्यहरु प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक रुपमा गर्नका लागि माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा देहायबमोजिम Crisis Management Center स्थापना गर्ने ।

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, प्रदेश नं ५ | अध्यक्ष |
| माननीय मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| माननीय मन्त्री, सामाजिक विकास मन्त्रालय | सदस्य |
| प्रमुख सचिव, श्री तोयनारायण ज्ञवाली, प्रदेश नं ५ | सदस्य |
| उपरथी श्री सिताराम खडका पृतनापति, मध्यपश्चिम पृतना, वुटवल | सदस्य |
| श्री शिवराज सुवेदी, प्रमुख, वुटवल उ.म.न.पा. | सदस्य |
| सचिव, श्री मधुकुमार मरासिनी, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव, श्री शंकर प्रसाद खरेल, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| सचिव, श्री गोपिकृष्ण खनाल, सामाजिक विकास मन्त्रालय | सदस्य |
| नायव प्रहरी महानिरिक्षक, नेपाल प्रहरी, प्रदेश नं ५ | सदस्य |
| ना. प्र. महानिरिक्षक, श्री नारायण दत्त पौडेल, स. प्र. बल, प्रदेश नं ५ | सदस्य |
| निर्देशक, हरिहर पौडेल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश नं ५ | सदस्य |
| सचिव, श्री भरतमणि सुवेदी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स. सचिव |

समितिको कार्यविवरण ( TOR) नेपाल सरकारबाट तोकिएबमोजिम हुनेछ ।

२. आम जनमानसमा कोरोना भाईरस सम्वन्धी त्रासका कारण रोग लुकाई घर मै वस्दा थप संकट उत्पन्न हुनसक्ने संभावनालाई मध्यनजर गरी आमरुपमा सन्देशमूलक सूचनाहरु सामाजिक विकास मन्त्रालयले संप्रेषण गरी अनावश्यक त्रास न्यूनीकरण गर्ने ।

३. प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित जनस्वास्थ्य कार्यालय प्रमुखहरुको समन्वय र सहयोगमा जिल्लामा रहेका एम्वुलेन्सका चालकहरुलाई सहजढङ्गले सेवाप्रवाह गर्नका लागि मनोपरामर्श गर्ने ।

४. प्रमुख जिल्ला अधिकारीले कोरोना भाइरसका कारण हुनसक्ने मृतकहरुको शव व्यवस्थापनका लागि जिल्लास्थित सुरक्षा निकायको नेतृत्वमा एक टिम बनाउने । उक्त टिममा रहने सदस्यहरुका लागि आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउने ।

५. स्वास्थ्य उपकरण तथा औषधीहरु आपूर्तिका लागि सामाजिक विकास मन्त्रालयले स्वास्थ्य निर्देशनालयमार्फत देहायबमोजिम गर्ने ।

क. यस प्रदेशका लागि आवश्यक पर्न सक्ने स्वास्थ्य उपकरणऔषधीको विवरण र योजना तयार गर्ने ।

ख. प्रदेशबाट व्यवस्थापन हुन नसक्ने औषधी नेपाल सरकारसँग माग गरी पठाउने ।

ग. मागबमोजिम नेपाल सरकारबाट उपलब्ध हुन नसक्ने औषधी खरिद गरी स्वास्थ्य उपकरण र औषधी आपूर्तिको सुनिश्चितता कायम गर्ने ।

६. जनशक्ति व्यवस्थापनका लागी नेपाल सरकार स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट निर्देशन भएबमोजिम गर्ने ।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयले कोरोना नियन्त्रण, रोकथाम तथा उपचारका लागि सामान्य अवस्था र असामान्य अवस्थामा आवश्यक पर्न सक्ने बजेट व्यवस्थापन बारेमा तयारी गरी राख्ने ।

८. यस प्रदेशमा प्राप्त हुने आर्थिक सहयोग कोरोना रोग ( COVID-19) नियन्त्रण तथा उपचार कोष र स्वास्थ्य सम्वन्धी वस्तुगत सहयोग सामाजिक विकास मन्त्रालयमार्फत एकिकृत रुपमा संकलन र व्यवस्थापन गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

९. आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको समन्वय र परामर्शमा यस प्रदेशमा क्वारेण्टाइनमा रहनेको संख्या, आइसोलेशनमा रहनेको संख्या तथा अन्य प्रयोजनका लागि आवश्यक पर्नसक्ने खाद्यान्न लगायतका वस्तुहरुको तथ्यांङ्कसहितको योजना तयार गर्ने ।प्राप्त हुने खाद्यान्न प्राप्त गरी अभिलेख राखी वितरणको व्यवस्था मिलाउने ।

१०. प्रमुख जिल्ला अधिकारीहरुले जिल्लामा नेपाली सेना वा सुरक्षा निकायको नेतृत्वमा कोरोना प्रमाणित भएका वा संभावित विरामीहरु अस्पतालसम्म पुऱ्याउने वा अस्पतालमै रहने व्यवस्था मिलाउन एक Rapid Action Team गठन गर्ने ।

११. यस प्रदेशमा प्रवेश गर्ने पूर्वपश्चिम राजमार्गको पश्चिम सीमा बर्दियामा नेपाली सेना र पूर्वी सिमा नवलपरासीमा सशस्त्र प्रहरी वलले हेल्थडेस्क खडा गरी प्रदेश प्रवेश गर्ने व्यक्तिहरुको ज्वरो नाप्ने व्यवस्था र आवश्यक सुरक्षा जाँच गर्ने व्यवस्था मिलाउने ।

१२.सुरक्षाकर्मीलाई आवश्यक पर्ने पन्जा मास्क सेनेटाइजर र ज्वरो नाप्ने मेशिन लगायतका अत्यावश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल